गण्डकी गाउँपालिका
Gandaki Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
भुम्लिचोक, गोरखा (Bhumlichok, Gorkha)
गण्डकी प्रदेश, गोरखा (Gandaki Province,Nepal)

पत्र संख्याः ०८२/८३
चलानी नम्बरः

Email:gandakirm@gmail.com
Website:www.gandakimun.gov.np

**संघीय सशर्त वित्तिय हस्तान्तरित कृषि विकास कार्यक्रम प्रस्ताव आव्हान सम्बन्धि सूचना**

**सूचना प्रकाशित मितिः २०८२/०८/०९**

प्रस्तुत विषयमा, यस गण्डकी गाउँपालिकाको चालु आ.ब. २०८२/८३ का लागि संघीय सशर्त कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ अनुसार कार्यान्वयन गर्नका लागि इच्छुक कृषक, कृषि फर्म, कृषक सहकारीहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले २१ औ दिनभित्र अर्थात मिति २०८२/०९/०३ गते भित्र यस गाउँपालिकाको कृषि विकास शाखा वा सम्बन्धित वडा कार्यालयहरुमा तपसिल अनुसारका कागजातहरु संगलग्न राखि आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| क्र.स. | कार्यक्रमको नाम | बजेट रु. | क्रियाकलापहरु | लक्षित वर्ग | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम | ९लाख | क)प्राङ्गारिक कृषिमा आधारित क्षमता अभिवृद्धि कार्यक्रम तथा प्रदर्शन कार्यक्रमहरु<br>ख)प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार कार्यमा सहयोगी क्रियाकलापहरु (जस्तैःभर्मिकम्पोष्ट मल, कम्पोष्ट मल, जैविक मल, वनस्पतिक /जैविक विषादी, शुक्ष्म जैविक मल उत्पादन)<br>ग) प्राङ्गारिक नमूना कृषि फार्म स्थापना<br>घ)रैथाने बाली उत्पादन प्रवर्द्धन गर्ने सहयोगी क्रियाकलापहरु | क)प्राङ्गारिक कृषि प्रविधिको अनुशरण तथा विस्तार गर्न ईच्छुक कृषक, कृषक समूह, तथा कृषि सहकारी<br>ख)प्राङ्गारिक तथा पर्यावरर्णीय कृषिमा संलग्न रैथाने बाली जातहरु उत्पादन गर्न ईच्छुक कृषक, कृषक समूह, तथा कृषि सहकारी | प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ |
| २ | मध्य पहाडी मकै बाली प्रवर्द्धन कार्यक्रम | ७ लाख | क) क्षेत्र विस्तार<br>ख) प्रविधि प्रसार र प्राविधिक सेवा टेवा | व्यवसायिक उद्यमी कृषक तथा समुह/ सहकारीहरु साथै विपन्न वर्ग | |
| ३ | साना सिचाँई प्रवर्द्धन कार्यक्रम – वडा नं ४ र ८ | २४ लाख ५० हजार | क) साना सिंचाई पूर्वाधार निर्माण/स्तरोन्नति तथा मर्मत सुधार<br>ख) सिंचाइ पोखरी, कुलो, प्लाष्टिक पोखरी, सिंचाई पाइप<br>ग) नवीन सिंचाई प्रविधि (थोपा सिंचाई, स्प्रिङ्कलर सिंचाई) | कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी | |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. कार्यक्रम मागको निवेदन (अनुसूचि २ बमोजिम)
२. संचालन गर्ने क्रियाकलापहरु खुल्ने कार्ययोजना/प्रस्ताव
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. संस्था दर्ता, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
५. गत आ.ब.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि वा लेखा परिक्षणको प्रतिलिपि
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
७. सहकारीको हकमा संस्थागत निर्णयको प्रतिलिपि
८. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि

२०८२/०८/०९

भुवन चापागाई
प्रमुख प्रशासकीय अधिकृत

नोटः थप जानकारिको लागि गण्डकी गाउँपालिका कृषि विकास शाखा, मोबाइल नं. ९७६४३९८६१० , ९८६०१८६७८२ मा सम्पर्क गर्न सकिनेछ।

**बोधार्थः**

**श्री सूचना प्रविधि शाखा, श्री सबै वडा कार्यालयहरु सूचना प्रवाह गरिदिनुहुन।**

CamScanner